# कालीमाटी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

# स्वास्थ्य नीति २०७७

## १.पृष्ठभूमि

नेपालको संबिधान, २०७२ ले नागरिकको मौलिक हकको रुपमा आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य सेवा र उपचारको सम्बन्धमा जानकारी पाउने ब्यवस्था गरेको अवस्थामा गाउँपालिका अन्तर्गतका सबै नागरिकलाई स्वास्थ्य सेवामा पहुच पुर्याउने र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्नु स्थानिय सरकारको दायित्व रहेको छ । संघिय संरचना अनुसार स्वास्थ्य सेवा व्यवस्थापनको लागि हाल भएको मानब संसाधन, सिप र दक्षताको उच्चतम उपयोग गरी स्वास्थ्य सेवा जस्तो सम्वेदनशिल क्षेत्रमा बिगतमा हाँसिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै स्वास्थ्य सेवालाई थप जवाफदेही र मर्यादित बनाई सहज र सर्बसुलभ पहुँचको व्यवस्थापन गर्नु आवश्यक छ । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । गाउँपालिका भित्र गरिब, दुरदराजका नागरिकहरु अझै पनि आधारभूत स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित रहेको अवस्था छ । त्यसैगरी गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सुचाङ्कमा सुधार ल्याई गाउँपालिकाको समग्र विकासको लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न आवश्यक देखिएको छ ।

गाउँपालिका भित्र मातृ तथा नवजात शिशु स्वास्थ्यमा उल्लेख्य सुधार गरी मृत्यु दरलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप रोकथाम तथा नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपदको पुर्व तयारी तथा व्यवस्थापन गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्ति, एकल महिला, खास गरी

गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु गाउँपालिकाको दायित्व भित्र पर्दछ ।

बर्तमान संघीय संरचना अनुसार सबै स्थानीय तहका हरेक वडामा एक स्वास्थ्य संस्था स्थापना गर्न, पालिका स्तरिय अस्पताल निर्माण एवम् संचालन, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी स्वास्थ्य सेवा प्रणालीको विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा सम्भावित नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर गाउँपालिका बासीहरुको स्वास्थ्य प्रबर्धन, संरक्षण, सुधार र पुनर्स्थापन गर्न कालिमाटी गाउँपालिकाको **स्वास्थ्य नीति, २०७७** तयार गरी लागू गरिएको छ ।

## २. समिक्षा

### २.१ कालिमाटी गाउपालिकाको संक्षिप्त परिचय

कालिमाटी गाउँपालिका सल्यान जिल्लाको दक्षिण पश्चिममा अवस्थित एक गाँउपालिका हो । यस गाउँपालिकाको उत्तरमा बनगाड कुपिण्डे नगरपालिका, शारदा नगरपालिका र सुर्खेत जिल्ला, पश्चिममा बर्दिया जिल्ला, पूर्वमा कालिमाटी गाउँपालिका र दाङ जिल्ला तथा दक्षिणमा बाँके जिल्ला रहेको छ । यस गाउँपालिकाका नामाकरण यस भेगकै प्रसिद्ध कालिमाटी गंगामाला भगवतीको नामबाट राखएको र साविकका कालिमाटी रामपुर, कालिमाटी काल्चे, काप्रेचौर तथा लक्ष्मीपुर गरी ४ गाविसहरु समावेश गरी यस गाउँपालकिाको निर्माण गरिएको हो ।

झण्डै ५००.७२ वर्ग कि.मी. क्षेत्रफल रहेको यस कालिमाटी गाउँपालिकामा राष्टिय जनगणना २०६८ को अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २३००५ जना रहेको छ भने कुल जनसंख्याको ५०.९ प्रतिशत महिला र ४९.१ प्रतिशत पुरुषको जनसंख्या रहेको छ । यसैगरी जातिगत विवरणलाई हेर्दा सवैभन्दा बढि क्षेत्री ( ४०.७७%) त्यसपछी मगर (३४.५६%) र कामी (१०.६८%) लगायतका अन्य विविध जात जातिको बाहुल्यता रहेको छ ।

### २.२ विगतमा गरिएका प्रयासहरु

यस कालिमाटी गाउँपालिकामा मानव सभ्यताको बिकास क्रमसंगै बिभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान

सीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै आएको भएता पनि औपचारिक रुपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात बि.सं २०३० साल साविकको कालिमाटी काल्चे गा.बि.स.मा काल्चे स्वास्थ्य चौकी स्थापना पछि भएको मान्न सकिन्छ । उत्त स्वास्थ्य चौकीले तत्कालिन अवस्थामा ठुलो क्षेत्रफललाई समेटेर सेवा दिने गरेको थियो । वि.स. २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुर्‍याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वास्थ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनिती अनुरुप वि.सं २०५० पछि कालिमाटी रामपुर, काप्रेचौर तथा लक्ष्मीपुर उप स्वास्थ्य चौकी स्थापना गरिएको थियो जुन हाल स्वास्थ्य चौकीमा स्तरोन्नति भएका छन् ।

वि.स. २०६२/६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी गाउँबासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका कममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न गाउँपालिका अर्न्तगत स्वास्थ्य शाखाको स्थापना गरिएको छ भने यस मातहतका स्वास्थ्य चौकीहरु हस्तान्तरण भएका छन् । गाउँपालिकाको प्रयासमा प्रयोगशाला सहितको स्वास्थ्य सेवा कालिमाटी स्वास्थ्य चौकीमा सञ्चालन भइराखेको छ यसै गरि साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु क्रमश स्थापना भई सञ्चालनमा आएका छन् ।

यस गाउँपालिकामा स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी कामहरु संचालन भई रहेको छ । आधारभूत स्वास्थ्य सेवाको पहुँच

सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा उपलब्ध तथ्यहरुमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि गाउँपालिकाले स्वास्थ्यको बस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन तयार गर्ने गरेको छ ।

## २.३. विद्यमान स्थिती तथा लक्ष

सल्यान जिल्लाको कुल जनसंख्याको करिब ९.५ प्रतिशत जनसंख्या बसोबास गर्ने यस कालिमाटी गाउँपालिकाको जनघनत्व ४६ प्रतिवर्ग कि.मि. रहेको छ भने औषत परीवार संख्या ५.३ जना रहेको छ । यस गाउँपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न ४ वटा स्वास्थ्य चौकी, ३ आधारभुत स्वास्थ्य केन्द्र, ३ वटा सामुदायिक स्वास्थ्य इकाई, १७ गाँउघर क्लिनिक, २१ खोप क्लिनिक, ३६ जना महिला स्वास्थ्य स्वयम्सेविका कार्यरत छन् । गाउँपालिका अर्न्तगत पाँचवटै परिवार नियोजनका साधन प्रदान सेवा कुनै पनि स्वास्थ्य सेवा प्रदान हुन नसकेको तथा ४ वटा स्वास्थ्य संस्थाबाट सुचिकृत बर्थिङ सेन्टरबाट प्रसुती सेवा उपलब्ध छ । आ.व. २०७६।७७ मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्याको ८२ प्रतिशत जनसंख्याले बहिरंग सेवा लिएका र सो मध्ये ५९ प्रतिशत महिलाहरुले सेवा लिएको देखिन्छ। यस गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा ४० जना स्वास्थ्यकर्मि द्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ । स्वास्थ्य मन्त्रालय व्यवस्थापन महाशाखाबाट दिइएको आ.व. ०७७।७८ को अनुमानित जनसंख्यालाइ आधार मानेर स्वास्थ्यकर्मि र जनसंख्याको अनुपात हेर्दा १२४३ जना जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा १३७४ जना जनसंख्यालाई १ जना नर्स हुन आउँछ । यस गाउँपालिकामा कार्यरत जम्मा ४० जना स्वास्थ्यकर्मीहरु मध्ये गाउँपालिका हाल १० जना अ.न.मी. ८ जना अ.हे.व., ४ जना ल्याव असिस्टेन्ट र १२ जना कार्यालय सहयोगीहरु करारमा भर्नागरी स्वस्थ्य सेवा दिई रहेको छ ।

यस गाउँपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी

समस्याहरु रहेका छन् । बिगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि भएता पनी गुणस्तरयुक्त प्रसुति सेवाकोअझै अभाव रहेको छ भने पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा बृद्धि हुन सकेको छैन । यस गाउँपालिकामा ७७ प्रतिशत बालबालिकाले मात्र पूर्ण खोप पाएका छन ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी दीगो विकास लक्षको आधारमा कालिमाटी गाउँपालिकाले लिएको सन् २०२५ सम्मको पञ्च वर्षिय लक्ष देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि. नं | सुचकहरू | राष्ट्रिय तथ्यङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | कालिमाटी गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | **गाउँपालिकाको पञ्चबर्षीय लक्ष २०२५** | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनि बेला) | | | ५८ | ६० | ७० | ९० | | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६२ | ३३ | ४५ | ५१ | ७५ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | २४ | ५ | ११ | १३ | ७० | ९० | |
| ४ | परिवार नियोजनका आधुनिक | ४३ | १८ | १६ | १८ | २१ | ४० | ६० | |

| सि. नं | सुचकहरू | राष्ट्रिय तथ्यङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | कालिमाटी गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | **गाउँपालिकाको पञ्चबर्षीय लक्ष २०२५** | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | | |
| | साधनहरूको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरूको प्रतिशत | | | | | | | | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९ | २७ | ३४ | ३८ | ७० | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहय्को प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ५८ | ६९ | ७७ | ९५ | | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरूको संख्या | | | | | | ० | | |

उल्लेखित सुचकहरुमा समग्रमा नेपाल तथा प्रदेशको उल्लेखनीय सफलता हासिल गरिसकेको अवस्थमलाई तुलना गर्दा पालिकाको अवस्था निकै कमजोर देखिएको छ जसको पछाडि यस पालिकामा विभिन्न प्रकारका थुप्रै समस्या तथा चुनौतीहरूको विद्यमान रहेको छ । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

## ३. बिद्यमान स्वास्थ्य समस्या, चुनौती र अवसरहरु

### ३.१ समस्याहरु :

३.१.१ भौगोलिक बिशिष्टता र समतामूलक हिसाबले स्वास्थ्य संस्थाहरुको अपेक्षित रुपमा व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुरयाउन कठिनाइ ।

३.१.२ अझै पनि महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बिवाह गर्ने र बच्चा जन्माउने गरेकाले मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनीका बालबालिकाको मृत्यूदरमा कमी आउन नसकेको ।

३.१.३ ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रर्बद्धनका लागि आवश्यक स्वास्थ्य सेवाको व्यवस्थापन कमजोर रहेको ।

३.१.४ स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन नसकेको ।

३.१.५ औषधी तथा औषधीजन्य सामाग्रीहरुको नियमित आपुर्ती ब्यवस्थापन, उचित भण्डारण र कोल्डचेनको प्रभावकारी व्यवस्थापनको अभावका कारणले आपुर्ति तथा वितरणमा सहज पहुँच हुन नसकेको ।

३.१.६ नसर्ने खालका रोगहरु जस्तैः क्यान्सर, मुटु, मृगौला, मधुमेह र मानसिक रोगहरुको रोकथाम र नियन्त्रण गर्नमा कठिनाइ ।

३.१.७ केही स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएकोले गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको ।

३.१.८ गुणस्तरीय स्वास्थ्य सेवाको पहुचमा कमि र भौगालिक विकटता एवं छरिएर रहेको वस्तीहरुको कारण सेवा प्राप्त गर्न जान कठीन भएको कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ

स्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन नसकेको ।

३.१.९ स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग सहितको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमनको कमि ।

३.१.१० गाउँपालिकाभित्र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता व्यवस्थित गर्न नसकिएको ।

३.१.११ स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरुलाई आफ्नो भूमिका र जिम्मेवारी प्रति क्रियाशील गराई स्वास्थ्य संस्था स्तरबाट नै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्ने संयन्त्रको विकास गर्न नसकिएको ।

३.१.१२ गाउँपालिका अर्न्तगत चिकित्सकीय एबम् विशेषज्ञ सेवा प्रदान गर्नका लागी संस्थागत बिकास हुन नसकेको ।

३.१.१३ स्वास्थ्य सुचकहरुमा उल्लेख्य प्रगति हासिल हुन नसकेको तथा सुचकहरुमा दिइएको लक्ष बास्तविक जनसंख्या भन्दा अधिक रहेको देखिएको ।

**३.२ चुनौतीहरु :**

३.२.१ निजि क्षेत्रलाइ स्वास्थ्य क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्दै सार्वजनिक निजि साझेदारीमा सर्वसुलभ स्वास्थ्य सेवाको बिस्तार र स्तरोन्नती गर्नु ।

३.२.२ दूरदराज एबम् आर्थिक रुपले बिपन्न नागरिकहरुमा सर्वसुलभ औषधी उपचार र स्वास्थ्य सेवाको सुनिश्चित गर्नु ।

३.२.४ कालिमाटी गाउँपालिकाभित्र राज्यले अङ्गीकार गरेको आधारभूत एबम् आकस्मिक स्वास्थ्य सेवाको पहुँचलाइ प्रत्येक नागरिकको घरदैलोमा पुऱ्याउनु ।

३.२.५ स्वास्थ्य क्षेत्रमा व्यक्तिगत रुपमा हुने खर्चलाई कम गर्नका लागि नागरिकहरुमा ब्यबहार परिवर्तन गर्न र प्रबर्द्धनात्मक एबम् प्रतिकारात्मक उपचार सेवाको उपयोगितामा सुधार गर्नु ।

३.२.६ बिद्यमान स्वास्थ्य संस्थाहरु र प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको सेवाग्राही मैत्री पूर्वाधार बिकास गरी गुणस्तरीय सेवा प्रवाहको पद्धतीको पुर्ण रुपमा स्थापना गर्नु ।

३.२.७ परम्परागत रुपमा अपनाईउदै आएका रुढीवादी विश्वास, मुल्य र मान्यताहरुलाई फड्को मार्दै स्वस्थ सामाजिक अभ्यासमा पूर्ण रुपले रुपान्तरण ल्याउनु ।

३.२.८ आयुर्बेद तथा बैकल्पिक चिकित्सा पद्धतीको अनुसन्धान, उत्पादन र प्रयोगमा ल्याउनु ।

**३.३ अवसरहरु :**

३.३.१ गाउँपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।

३.३.२ गाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्ने ।

३.३.३ राजनैतिक परिवर्तन र संघियताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्ने ।

३.३.४ स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा बृद्धि, एकिकृत सुचना प्रणालीलाइ सुदृढीकरण गर्ने ।

# ४. नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावि सोच, ध्येय, लक्ष्य र उद्देश्यहरु

**४.१ औचित्य :**

गाउँपालिकाबासीहरुको स्वास्थ्य, सरसफाई एबम प्रजनन स्वास्थ्य सम्बन्धिको हकलाई सुनिश्चित गर्न नेपालको संबिधानले स्थानीय तहहरुको लागि प्रदत्त गरेको एकल अधिकार र तीन वटै तहका सरकारहरुको साझा अधिकारको प्रभावकारी एबम् सफल कार्यान्वयन गर्न मार्गनिर्देशीत हुन जरुरी छ । गाउँपालिका भित्र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह र नागरिकहरुमा स्वास्थ्य सेवाको उपयोगितालाई अभिबृद्धी गरी राष्ट्रिय नीति, प्रादेशिक नीति र नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरुलाई आत्मसात गर्दै गाउँपालिकाभित्र स्वास्थ्य सेवा प्रणालीलाई थप सुदृढ र व्यवस्थित गरी जवाफदेही र जन उत्तरदायी संगठनात्मक स्वास्थ्य संरचना निर्माण गर्नका लागि समेत स्वास्थ्य तथा सरसफाई नीतिको आबश्यकता रहेको छ ।

**४.२ निर्देशक सिद्धान्तहरु :**

गाउँबासीको स्वास्थ्य सम्बन्धि संबिधान प्रदत्त हक र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नका लागि देहाय बमोजिमको निर्देशक सिद्धान्तहरुको आधारमा यो नीति लागु गरिएको छ ।

४.२.१ आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार ।

४.२.२ समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा ।

४.२.३ सार्वजनिक निजी साझेदारी ।

४.२.४ वैकल्पिक चिकित्सा पद्धतीको संरक्षण, प्रवर्धन तथा अनुसन्धान ।

४.२.५ समानता र जवाफदेहिता, नागरिकको सहभागिता ।

४.२.६ बहुक्षेत्रीय समन्वय र सहकार्य ।

**४.३ भावी सोच :**

गाउँपालिकाका सबै नागरिकहरू स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

**४.४ ध्येय :**

सामाजिक परिचालन तथा साझेदारी प्रवर्द्धन र सहकार्यमा उपलब्ध साधनस्रोतको यथोचित व्यवस्थापन गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चितता गर्ने ।

**४.५ लक्ष्य :**

गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रणालीको स्थापना गरी स्वास्थ्य सेवामा समावेशीता र समतामूलक पहुँचको सुनिश्चितता गर्ने ।

**४.६ उद्देश्यहरू :**

**(क)** गाउँपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

**(ख)** गाउँपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने,

**(ग)** स्वस्थ जीवन शैली,सरसफाइ,व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत गाँउ/ नगरवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने,

(घ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, ब्यावस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,

(ङ) स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

## ५. नीतिहरु

कालिमाटी गाउँपालिकाको विशिष्टिकृत भौगोलिक अवस्था तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहाय बमोजिम नीतिहरु अवलम्वन गरेको छ

नीति ५.१ गाउँपालिकाबासीलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ ।

नीति ५.२ गाउँपालिकाबासीहरुमा स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको प्रतिकारात्मक, प्रर्बद्धनात्मक, निदानात्मक, सामान्य उपचार एबम् चिकित्सकीय सेवाको विस्तार र स्तरोन्नति गरिने छ ।

नीति ५.३ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।

नीति ५.४ औषधी, औषधीजन्य सामाग्री, उपकरणहरुको खरिद ,आपूर्ति र वितरण एवं प्रयोगलाइ सुदृढ गरिने छ ।

नीति ५.५ गाउँपालिकाभित्र स्वास्थ्य क्षेत्रको जनशक्तिलाई व्यवस्थित र प्रभावकारी रुपमा अघि बढाइनेछ ।

नीति ५.६ गाउँपालिकाबासीलाई जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको रोकथाम, नियन्त्रण र उपचारका लागी विभिन्न कार्यक्रम लागु गरिनेछ ।

नीति ५.७ गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधारणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।

नीति ५.८ सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा संचालनमा ल्याई गाउँबासीहरुको आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिस्चित गर्ने ।

नीति ५.९ स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई गाउँपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

नीति ५.१० गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गर्ने र लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, विपन्न, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, जनयुद्ध तथा जन आन्दोलनका घाईते, शहीद तथा वेपत्ता परिवार, एकल महिलाको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ।

नीति ५.११ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चत गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ।

नीति ५.१२ स्वास्थ्य क्षेत्रमा नीतिगत ,संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा सुधार ल्याई स्वास्थ्य सुशासन कायम गरिने छ।

नीति ५.१३ खाद्य विविधीकरण र स्थानिय स्तरमा उपलब्ध खाद्य वस्तुहरुमा जोड दिदै पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खाना लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ।

नीति ५.१४ जनसंख्या ब्यवस्थापनलाई गाउँपालिकाको बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने।

नीति ५.१५ संकटाभिमुख अबस्था, प्रकोप ,विपद् र महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवाला सँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिने छ।

नीति ५.१६ गाउँ भित्र उत्पादन हुने फोहोर एबम संक्रमण जन्य बस्तुहरुको उचित बिसर्जन र व्यवस्थापन गर्दै व्यक्तिगत, सामाजिक एबम संस्थागत सरसफाई को अबस्थामा सुधार ल्याइने छ।

नीति ५.१७ जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको विकास तथा बिस्तार गरिने छ।

नीति ५.१८ आयूर्वेद तथा गाउँपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई ब्यबस्थित गरिनेछ।

## ६ प्रमुख रणनीतिहरु

**नीति ५.१ गाउँपालिकाबासीलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ ।**

**रणनीतिहरु :**

१.१ गाउँपालिका भित्रका प्रत्येक वडाहरुमा स्थापित स्वास्थ्य संस्थाहरुबाट न्युनतम मापदण्ड सहितको निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछ ।

१.२ भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरु स्थापना, विस्तार, स्तरोन्नती तथा एकिकृत गरिनेछ ।

१.३. भौगोलिक रुपले दुर्गममा रहेका नागरिकको स्वास्थ्य सेवामा पहुच बढाउन गाउँघर क्लीनिकलाई थप व्यवस्थित र विस्तार गरिने छ ।

१.४ वडागत घरधुरी, जनसंख्या र सेवाको सूचक स्थितिको यकिन तथ्याङ्क राखिनेछ ।

**नीति ५.२ गाउँपालिकाबासीहरुमा स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको प्रतिकारात्मक, प्रर्बद्धनात्मक, निदानात्मक, सामान्य उपचार एबम् चिकित्सकीय सेवाको विस्तार र स्तरोन्नति गरिने छ ।**

**रणनीतिहरु :**

२.१ संघीय र कर्णाली प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिका क्षेत्रमा २५ शैयाको अस्पताल स्थापना गरिनेछ ।

२.२ गाउँपालिकाभित्रका साबिकका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवा र पुर्वाधारको स्तरोन्नती गर्दै लगिनेछ । सवै स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्डको कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

२.३ हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरी प्रसुति केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, आवस्यकताअनुसार सामुदायीक स्वास्थ्य इकाई, गाउँघर क्लिनिक, खोप क्लिनिक तथा घुम्ती सेवा मार्फत टोलवस्ती हुदै घरदैलो सम्म स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

२.४ नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ ।

२.५ बिशेषज्ञ शिबिरहरु मार्फत स्वास्थ्य संस्थाहरु र भौगोलिक रुपमा बिकट स्थानहरुमा स्क्रिनिङ सेवाहरु (Uterine Prolapses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear) सेटलाइट सेवा, गर्भवतीहरुको लागी ग्रामिण अल्ट्रासोनोग्राफी कार्यक्रमहरु लागु गरिनेछ ।

२.६ स्वास्थ्य संस्थाहरुमा स्वच्छ खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित) र इन्टरनेट सेवाको व्यवस्था गरिनेछ ।

२.७ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिनेछ ।

२.८ प्रभावकारी स्वास्थ्य सेवा प्रबर्द्धनका लागि नमुना स्वास्थ्य संस्था, नमुना टोल र नमुना स्वास्थ्यकर्मी अभियान शुरुगरी क्रमागत रुपमा बिस्तार गरिनेछ ।

२.९ प्रसुती गृह संचालका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ र प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नरको सुबिधा उपलब्ध गराइनेछ ।

२.१०.गाउँभित्र सामुदायीक एवम् विधालय नर्सिङ्ग कार्यक्रमलाइ थप व्यवस्थित र प्रभावकारी रुपमा लागु गरिने छ ।

**नीति ५.३ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।**

३.१ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३.२ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गर्भवती, सुत्केरी तथा नबजात शिशुको जटिलतायुक्त स्वास्थ्य अबस्थाको व्यवस्थापनको लागी आकस्मिक प्रेषण प्रणालीलाई थप व्यवस्थित गरिने छ ।

३.४ गाउँपालिका भित्रका सुत्केरी आमाहरुलाइ प्रसुति पछिको तेश्रो भेटमा प्रदान गरिने स्वास्थ्य सेवा नर्सिंग कर्मचारी मार्फत घरमै गई प्रदान गरिनेछ । समयमै गर्भवती तथा सुत्केरी आमाहरुलाई सुचना तथा जानकारी दिन संस्थागत मोवाईल सेट तथा आवस्यकता अनुसार रिचार्जको लागि व्यवस्थापन गरिने छ ।

३.५ बिभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरीनेछ ।

३.६ सुरक्षित गर्भपतन सेवालाई थप व्यबस्थीत गर्दै गुणस्तरीय र प्रभावकारी बनाईने छ । लिंग पहिचानको आधारमा गरीने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरीनेछ ।

३.७ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरीनेछ ।

३.८ गाउँपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइने छ । साथै किशोर किशोरीहरुको सहभागितामा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

३.९ नमूना परिवार तथा नमूना जोडीलाई पुरुस्कृत गर्ने पद्धती अवलम्बन गरिनेछ ।

**नीति ५.४ औषधी, औषधीजन्य सामाग्री, उपकरणहरुको खरिद ,आपूर्ति र वितरण एवं प्रयोगलाइ सुदृढ गरिने छ ।**

**रणनीतिहरु :**

४.१ औषधि र चिकित्साजन्य सामाग्रीहरुको व्यवस्थित आपुर्ति र भण्डारणको लागी गाउँपालिकामा  मेडिकल स्टोर को व्यवस्था गरिने छ ।

४.२ प्रत्येक वर्ष तथ्यमा आधारित औषधी खरिद योजना प्रक्रिया अबलम्बन गरिनेछ ।

४.३ प्रत्येक स्वास्थ्य संस्थामा औषधि भण्डारणको लागि व्यवस्थित भण्डारकक्षको सुनिश्चितता गरिनेछ ।

४.४ प्रत्येक स्वास्थ्य संस्थामा र पालिका स्तरमा औषधि तथा सामग्रीको आकस्मिक माग बिन्दु र स्वीकृत मौज्दात परिमाणलाई सन्तुलनमा राख्ने व्यवस्था अनिबार्य गरिनेछ ।

४.५ कुनै पनि सहयोगी वा दातृ निकायबाट स्वास्थ्य संस्थाको लागि हुने औषधि तथा सामग्रीको सहयोगलाई गाउँपालिकाको एकद्वार प्रणालीमार्फत व्यवस्थित गरिनेछ ।

४.६ स्वास्थ्य संस्था स्तरमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको रोहबरमा औषधी तथा सामग्रीको दाखिला गर्ने, म्याद गुज्रेका औषधी तथा सामाग्रीलाई नस्ट गर्ने र आबश्यक औषधी माग गर्ने प्रक्रियालाई अनिवार्य रुपले लागु गरिनेछ ।

४.७ सबै स्वास्थ्य संस्थामा उपलब्ध औजार, उपकरण र औषधि तथा अन्य सामग्रीहरुको अध्यावधिक गरी प्रभावकारी सप्लाई चेन व्यवस्थापनको लागि बिद्युतीय आपुर्ति व्यवस्थापन प्रणाली (eLMIS) बाट गरिनेछ

४.८ स्वास्थ्य संस्थामा अत्याबस्यक औषधी तथा सामाग्रीको नियमित उपलब्धताको सुनिश्चित गर्न स्वास्थ्य संस्थामा आकस्मिक औषधी तथा उपकरण खरिदको लागि अनिबार्य रुपमा बजेट बिनियोजन गरी लागु गरिनेछ ।

४.९ प्रतिकारात्मक संभार, खरिद उपरान्त संभार आदी सिद्धान्तलाई ब्यवहारिक रुपमा लागु गरिनेछ । उपकरणहरुको मर्मत तथा सम्भारकालागि सम्बन्धीत निकायसँग समन्वय गरिनेछ ।

**नीति ५.५ गाउँपालिकाभित्र स्वास्थ्य क्षेत्रको जनशक्तिलाई व्यवस्थित र प्रभावकारी रुपमा अघि बढाइनेछ ।**

**रणनीतिहरु :**

५.१ राष्ट्रिय मापदण्ड अनुसार हुने गरी स्वास्थ्य जनशक्ति व्यबस्थापन गर्दै लगिनेछ ।

५.२ बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति उत्पादनका लागि संघीय, प्रदेश सरकार एवं सम्बन्धित शिक्षालयसंग समन्वय र सहकार्य गरिनेछ ।

५.३ जवाफदेहीपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीको दिगो सेवा प्रवाह गर्ने चाहना बृद्धीका लागि उत्प्रेरणाजन्य क्रियाकलाप लागु गरिनेछ । संघ तथा प्रदेश सरकारद्वारा स्वास्थ्यकर्मिलाई तोकिएको प्रोत्साहन भत्ता तथा अन्य सुविधा सुनिश्चित गरिनेछ ।

५.४ गाउँपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्धारा ब्यवस्थित गरिनेछ । सेवाग्राहीको भार तथा जनसंख्या विश्लेषणको आधारमा पालिका भित्र कार्यरत

स्वास्थ्यकर्मीहरुलाई आवस्यकताको आधारमा सरुवा तथा काजमा राखेर स्वास्थ्य संस्थाहरुबाट समानुपातिक रुपमा सेवाको व्यवस्थापन गरिने छ ।

५.५ स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन र यसका लागि आबश्यक समन्वय गरिने छ ।

५.६ स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि निश्चित मापदण्ड बनाएर जेहेन्दार, विपन्न, दलित र पछाडि पारिएका परिवारका सदस्यहरुलाई अध्ययनको लागि छात्रबृत्तिको व्यवस्था गरीनेछ ।

५.७ पालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको निर्दिष्ट कार्यबिबरण तयार गरिनेछ र कार्य विवरणको आधारमा कर्मचारीहरुको कार्य मुल्यांकन गर्ने, मुल्यांकनको आधारमा सम्मान गर्ने प्रणाली लागु गरिने छ ।

५.८ लैंगिक समानता र सामाजिक समाबेशीकरणको सिद्धान्तमा आधारित मानब संशाधन योजना एबम कार्यविधि तयार गरिने छ र यसकै आधारमा कर्मचारीको नियुक्ति र पदस्थापना गरिने पद्धति लागु गरिने छ ।

**नीति ५.६ गाउँपालिकाबासीलाई जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको रोकथाम, नियन्त्रण र उपचारका लागी विभिन्न कार्यक्रम लागु गरिनेछ ।**

**<u>रणनीतिहरु :</u>**

४.१. सुर्तिजन्य, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने बस्तुहरुको उत्पादन, विक्रि वितरण र उपभोगलाई निरुत्साहीत, नियन्त्रण तथा नियमन गर्न आवश्यक कानून बनाई लागु गरिनेछ ।

६.२ सुर्तिजन्य, मादक पदार्थ जस्ता हानीकारक वस्तुहरुको किनवेच र उपभोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । सामाजिक विकृती र कुलतमा लागेका ब्यक्तिहरुलाई सुधार गर्न जीवन उपयोगी तालिम तथा मनोपरामर्श सेवा लगायतका कार्यक्रमहरु लागु गरिने छ ।

६.३ नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ

मानसिक स्वास्थ्य सेवा, योग शिविर र मनोसामाजिक परामर्श सेवा संचालन गरिनेछ ।

६.४ उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटुरोग, अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ । साथै नसर्ने रोग सम्बन्धि Essential Package of Non Communicable Diseases सबै स्वास्थ्य संस्थामा बिस्तार गर्दै लगिनेछ ।

६.५ स्वस्थ जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्बद्धनका कृयाकलापहरू संचालन गरिनेछ ।

६.६ खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ र पुर्ण खोपयुक्त गाउँपालिका कायम गरिनेछ ।

६.७. स्वस्थ जीवनयापनको लागि गाउँस्तरिय योग शिविर तथा फिजिओथेरापी सेवा संचालन गरिनेछ ।

**नीति ५.७ गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधारणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।**

**रणनीतिहरु :**

७.१. सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ ।

७.२ औषधीको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन तथा नियमन गरिनेछ ।

७.३ कानुन बमोजिम निजि औषधि पसल, निदान केन्द्र र अस्पताल निर्माण एबम संचालन गर्न निजि सरकारी साझेदारी क्षेत्रलाई समेत प्रोत्साहन गरिने छ ।

७.४ निजि क्षेत्रलाई औषधि व्यवसायको अनुमति पत्र प्रदान गर्ने, निगरानी तथा अनुगमन गर्ने, औषधिहरुको न्यायोचित मूल्य निर्धारण गर्नका लागि गाउँपालिका स्तरीय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समितिमार्फत गरिनेछ ।

**नीति ५.८ सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा संचालनमा ल्याई गाउँबासीहरुको आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिस्चित गर्ने ।**

**रणनीतिहरु :**

८.१ गाउँपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा कक्षको स्थापना गरिने छ ।

८.२ गाउँपालिका अन्तर्गतका कुनै पनि नागरिक वा व्यक्तिको आकस्मिक स्वास्थ्य उपचारको लागि कार्यविधि तयार गरी कोष निर्माण एबम् संचालनमा ल्याईनेछ ।

८.३ मातृ नवशिशु र गर्भवती महिलाहरुको आकस्मिक अबस्थाको व्यवस्थापनको लागि प्रत्येक स्वास्थ्य संस्थामा **"मातृ तथा नवजात शिशु आकस्मिक कोष"** स्थापना तथा थप व्यवस्थित गर्दै लगिने छ ।

८.४ तोकिएका स्वास्थ्य संस्था तथा प्रसुति केन्द्रहरु बाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ ।

८.५ गाउँपालिकाभित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवंम् सब बाहन सेवालाई निर्देशिका एवम् मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईने छ । यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिनेछ ।

**नीति ५.९ स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई गाउँपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।**

**रणनीतिहरु :**

९.१ गाउँपालिकाभित्र स्वास्थ्य सम्बन्धि सूचना व्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी, सहयोगी निकाय र अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता, स्वास्थ्य कर्मी एवम् संस्थालाई बार्षिक रुपमा सम्मान गरिनेछ ।

९.२ गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय एबम् प्रादेशीक प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

९.३ गाउँपालिकाको एकीकृत स्वास्थ्य सूचना प्रणालीमा सूचनाको शुद्धता, समय बद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ ।

९.४ गाउँपालिकाको स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुबाट नै On line Reporting ( DHIS2 / eLMIS) लाई बिस्तार तथा नियमित गरिनेछ ।

९.५ तथ्यांक वा तथ्यमा आधारित रही यो स्वास्थ्य नीति आबस्यकता अनुसार परिमार्जन वा संसोधन समेत गर्दै लगिने छ ।

**नीति ५.१० गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गर्ने र लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, विपन्न, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, जनयुद्ध तथा जन आन्दोलनका घाईते, शहीद तथा वेपत्ता परिवार, एकल महिलाको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।**

**रणनीतिहरु :**

१०.१ गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, किशोरकिशोरी मैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गमैत्रीका साथै सिमान्तकृत, बिभेदमा परेका, एकल महिलाको बिशेष पहुँचमा हुनेछन् ।

१०.२ छाउपडी, कम उमेरमा बिवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने हुनाले सचेतना अभिबृद्धि गरिने छ ।

१०.३ अपाङ्गहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ ।

१०.४ लैंगिक हिंसामा परेका, वेवारिसे, ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि सार्वजनिक निजी साझेदारी र सहकार्यमा पुर्नस्थापना केन्द्र स्थापना एवं संचालनमा जोड दिइनेछ ।

१०.५ अपाङ्ग, अति गरीव, असहाय, वेपता तथा शहीद का परिवार , जनयुद्ध र जनआन्दोलनका घाइतेलाई सहुलियत कोष को व्यवस्था गरी स्वास्थ्य वीमाको सुनिश्चित गरिने छ ।

१०.६. राष्ट्रिय वीमा कार्यक्रमलाई प्रभाबकारी कार्यान्वयन गर्न बिशेष अभियान संचालन गरिने छ।

१०.७ नेपाल सरकारको बिपन्न नागरिक औषधि उपचार निर्देशिका अनुरुप सबै नागरिकलाई नि :शुल्क औषधि उपचार सुनिश्चित गरिने छ ।

१०.८ गाँउपालिक क्षेत्र भित्रका ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई आधारभूत तथा नि:शुल्क स्वास्थ्य सेवा आवधिक रुपमा घरैमा गई प्रदान गर्ने व्यवस्था गरिनेछ । साथै ज्येष्ठ नागरिकहरुका लागि आँखाको उपचार नि:शुल्क गरिनेछ ।

**नीति ५.११ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चत गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।**

**रणनीतिहरु :**

११.१ निजी क्षेत्रका स्वास्थ्य सेवा प्रदायक संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) बाट दिईने, निदानात्मक, उपचारात्मक , प्रयोगशाला सेवा, थेरापी सेवाहरुको लागि मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, संचालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाईने छ ।

११.२ एक जना जनस्वास्थ्य अधिकृत वा निरीक्षकको व्यवस्था गरी वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधीको समुचित प्रयोग र समुचित उपचारको नियमन गर्ने व्यवस्था गरिने छ ।

११.३ गाउँपालिकाभरिमा सम्पूर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न योजना बनाइ सोही अनुसार लागु गरिनेछ ।

११.४ गाउँपालिकाभित्र सरकारी, गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ ।

११.५ निजि तथा गैर सरकारी एवम वाह्य विकास साझेदार वाट संचालन हुने कार्यक्रमलाई गाउँपालिकाको बार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

११.६ प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरुमा संचालन सम्वन्धी बनेका प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन, अनुगमन र नियमन गरिनेछ ।

११.७ सबै तहका स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ ।

११.८ गाउँपालिकाभरिमा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न एक निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।

**नीति ५.१२ स्वास्थ्य क्षेत्रमा नीतिगत ,संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा सुधार ल्याई स्वास्थ्य सुशासन कायम गरिने छ ।**

**रणनीतिहरु :**

१२.१ स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाइ जनमुखी सेवाको रुपमा सुनिश्चित गर्न र आवश्यक अनुगमन र सहयोगी सुपेरिबेक्षणका लागि गाउँपालिकास्तरीय स्वास्थ्य व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता अनुगमन समिति गठन गरिने छ ।

१२.२ सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति संचालन कार्यविधि तयार गरी एक समाबेशी स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन/पुनर्गठन गरिने छ ।

१२.३ प्रत्येक स्वास्थ्य संस्था मा गुणस्तर सुधार उपसमिती गठन गरिने छ ।

१२.४ प्रत्येक चौमासिकमा पालिका स्तरिय बैठक र प्रत्येक महिनामा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र स्वास्थ्य संस्था स्तरीय गुणस्तर सुधार समितीको बैठक लाइ नियमित गरी सेवा प्रबाह र उपयोगितामा भएका समस्या समाधान तथा व्यवस्थापन गर्न पहल गरिने छ ।

१२.५ गाउँघर क्लिनिक र खोप क्लिनिकहरुलाई थप व्यवस्थापन गर्न सम्बन्धित समुदायकै सहभागीतामा क्लिनिक व्यवस्थापन समितीहरु गठन वा पुनर्गठन गरिने छ ।

१२.६ गाउँपालिका स्तर र स्वास्थ्य संस्था स्तरमा रहने समितीहरु मार्फत आएका उपयुक्त कार्ययोजनाहरुलाई पालिकाको बार्षिक कार्ययोजनामा संलग्न गरीने छ ।

१२.७.संघीय सरकार ,प्रदेश सरकार एबम दातृ निकाय वा व्यक्ति बाट प्राप्त सहयोग ,बार्षिक बजेट तथा कार्यक्रमहरुको तथ्यपरक वितरणमा पालिका स्तरिय स्वास्थ्य सुशासन एवं गुणस्तर

सुनिश्चितता तथा अनुगमन समितिको सिफारिस लाइ अनिबार्य गरिने छ ।

१२.८ स्वास्थ्य आमासमुहको बैठकहरुलाइ नियमित गराउने र स्वास्थ्य शिक्षा, सुचना तथा संचार गर्ने कार्यलाई सुधार एबम व्यवस्थित गर्दै लगिने छ र स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक लेखापरीक्षण , सार्बजनिक सुनुवाई, नागरिक बडापत्र र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था गरिनेछ । स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ ।

१२.९ गाउँपालिका एवंम् मातहतका सबै स्वास्थ्य संस्थाहरुमा बिद्युतिय हाजिर प्रणाली लागु गरिनेछ ।

**नीति ५.१३ खाद्य विविधीकरण र स्थानिय स्तरमा उपलब्ध खाद्य वस्तुहरुमा जोड दिदै पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खाना लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।**

**रणनीतिहरु :**

१३.१ खाद्य विविधीकरणमा जोड दिदै पोषण व्यवहार सुधार तथा पत्रु खाना लाई निरुत्साहित गर्ने सम्बन्धी सामाजिक ब्यबहार परिवर्तनका कार्यक्रमहरु लागु गरिने छ ।

१३.२ पोषण संवेदनशिल कृषि अभ्यास मार्फत अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तु तथा स्थानीय जडिबुटी को उत्पादन प्रवर्धन गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

१३.३ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर सुनिश्चित गर्ने प्रावधान बनाईनेछ ।

१३.४ स्थानीय स्तरमै पौष्टिक खाद्यपदार्थको उत्पादन, प्रशोधन तथा बजारीकरणका लागी प्रोत्साहन र सहुलियत जन्य कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१३.५ बहुक्षेत्रीय पोषण योजना कार्यक्रम, शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धीत कार्यक्रम

विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू आवश्यकता अनुसार स्थापना र विस्तार गर्दै लगिनेछ ।

१३.६ स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थको उपयोग नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागि नियमन गरिने छ । कुनै पनि तयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ ।

१३.७ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । किशोर किशोरी, गर्भवति र २ बर्षमूनीका बच्चा र आमाहरुको पोषणको स्थीतिमा सुधार ल्याईनेछ ।

१३.८ महिला तथा बालबालिकाको पोषण अबस्था सुधारको लागी घरमानै पोषिलो खाना तयारी गर्ने सिपको विकास र प्रयोग गर्ने पद्धतीको विकास गर्दै लगिने छ ।

१३.९ गाउँका सवै वडाहरुलाई कमिकरुपमा पूर्ण पोषणयुक्त वनाउदै पूर्ण पोषणयुक्त गाउँ घोषणा गरिने छ ।

**नीति ५.१४ जनसंख्या ब्यवस्थापनलाई गाउँपालिकाको बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।**

**रणनीतिहरु :**

१४.१ गाउँपालिकाभित्र जन्म, मृत्यु, बिवाह, बसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई थप ब्यवस्थित गरिनेछ ।

१४.२ जनसंख्यासँग सम्बन्धित सूचनालाई योजना तर्जुमा गर्दा र कार्यक्रम बिकास गर्दा व्यापक रुपमा उपयोग गरिनेछ ।

१४.३ प्रसुति केन्द्रमा जन्मने सबै बालबालिलाई अनिवार्य रुपमा जन्म प्रमाण पत्र उपलब्ध गराईने छ ।

१४.४ समुदायस्तरमा भएका हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान गर्न मृत्यु पश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतीबद्ध गरिनेछ ।

१४.५ एकिकृत बस्ती व्यवस्थापन र विकासका लागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा वस्ती व्यवस्थापन तथा विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ ।

१४.६ स्वस्थ, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा ब्यवस्थित परिवार एवं परिवार योजना सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

**नीति ५.१५ संकटाभिमुख अबस्था, प्रकोप ,विपद् र महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवाला सँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिने छ।**

**<u>रणनीतिहरु :</u>**

१५.१ तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने ब्यवस्था मिलाईनेछ।

१५.२ गाउँपालिकास्तरीय आपतकालीन एबम् विपद् पूर्व तयारी स्वास्थ्य योजना बनाई लागु गरिनेछ।

१५.३ गाउँपालिका एबंम प्रत्येक स्वास्थ्य संस्थामा जगेडा औषधीको भण्डारण (Buffer stock ) को व्यवस्था अनिबार्य गरिने छ।

१५.४ संकटाभिमुख अबस्था, प्रकोप ,विपद र महामारीका बेला आइपर्ने स्वास्थ्य समस्यालाई तत्काल व्यवस्थापन गर्न गाउँपालिकास्तरीय विपद् व्यपस्थापन समिति को प्राबिधिक तथा व्यवस्थापकीय क्षमता अभिबृद्धि गरिने छ । गाउँपालिकास्तरीय विपद पूर्व सूचना जानकारी प्रणाली (Early Warning Reporting System) प्रभावकारी बनाईने छ।

१५.५ आकस्मिक स्वास्थ्य अवस्थामा परि संकटमा रहेका व्यक्तिहरु ( गर्भवती, सुत्केरी , सुत्केरी ब्यथामा भएका महिला, नवजात शिशु , घाईते , अपाङ्ग ) को लागी तत्काल यातायात खर्चको व्यवस्थापनको लागि कोषको स्थापना गरी तत्काल प्रेषण गरिएको स्वास्थ्य निकायमा लैजाने व्यवस्था मिलाईने छ तथा आवस्यक परेमा हवाई माध्यमबाट उद्धार समेत गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ।

**नीति ५.१६ गाउँ भित्र उत्पादन हुने फोहोर एबम संक्रमण जन्य बस्तुहरुको उचित बिसर्जन र व्यवस्थापन गर्दै व्यक्तिगत, सामाजिक एबम संस्थागत सरसफाई को अबस्थामा सुधार ल्याइने छ।**

**<u>रणनीतिहरु :</u>**

१६.१ गाउँपालिका भित्र सरसफाई सम्बन्धी प्रर्बद्धन कार्यक्रम संचालन गरी घरेलु तथा संस्थागत चर्पी निर्माण , मानव मलमुत्रको

स्थलगत संचय गर्ने सेप्टिक ट्यांक र त्यस्तो संयन्त्रबाट निस्काशन हुने स्थलगत भूमिगत सोचन हुने संयन्त्र बनाउन अनिबार्य गरिने छ ।

१६.२ आर्थिक रुपमा बिपन्न वर्गहरुलाई निजी चर्पी , सेप्टिक ट्यांक वा त्यस्तै अन्य संयन्त्र बनाउनको लागि पालिका स्तरबाट सहुलियतको व्यवस्था गरिने छ ।

१६.३ गाउँपालिकालाइ खुल्ला दिशा पिसाब मुक्त पालिका कायम गर्दै लगिने छ र सार्बजनिक या खुल्ला स्थानमा दिशा पिशाब गर्न रोक लगाइने छ ।

१६.४ गाउँपालिकाक्षेत्र भित्र मानिसहरुको आवागमनको चाप बिचार गरी आबश्यकता अनुसार सार्बजनिक स्थानहरुमा सार्बजनिक शौचालयहरुको निर्माण गर्दै लगिनेछ ।

१६.५ गाउँपालिका भित्र फोहोर पानीको पुन प्रयोग सम्बन्धित घरपरिसर भित्रै भूमिगत सोचन वा अन्य प्रबिधिबाट व्यवस्थापन गर्न अभिप्रेरित गरिने छ ।

१६.६ गाउँपालिका भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनमा फोहोरमैलाको संकलन र पुनर्प्रयोग को सिद्धान्तलाइ उपयोग गर्दै निजि क्षेत्र को साझेदारीलाई अभिप्रेरित गरिने छ ।

१६.७ कुनै पनि व्यवसायिक क्षेत्रबाट उत्पादन हुने फोहोर पानी , रसायन एबम अन्य फोहोर मैला को व्यवस्थापन प्रचलित कानुन बमोजिम सम्बन्धित निकाय ले अबलम्बन गर्न नियमन गरिने छ ।

१६.८ निजि जग्गा र सार्बजनिक स्थानमा भएका पानीका स्रोतहरुलाई संरक्षण र सम्बर्द्धन गर्दै सुरक्षित खानेपानी को पहुँच गाउँका सबै घर धुरीहरुमा बिस्तार गर्दै लगिने छ ।

१६.९ गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा फोहोरमैला व्यस्थापनको लागि फोहोर संकलन गर्ने बाल्टिन, संक्रमण दुषणनिवारण र निर्मलीकरण गर्ने सम्बन्धि आबश्यक औजार र सामग्री हरु, प्लासेन्टा पिट र फोहोर जलाउने खाडल को मापदण्ड अनुसार व्यवस्था गरिने छ ।

१६.१० गाउँपालिका भित्रका सार्बजनिक स्थान वा जनसंख्याको बढी चाप भएको क्षेत्रमा फोहोर संकलन केन्द्र स्थापना गरि उचित व्यवस्थापन गरिने छ ।

१६.११ गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्था एबम सार्बजनिक स्थलहरुमा फोहोरमैला व्यवस्थापन तथा संक्रमण नियन्त्रण सम्बन्धि कार्यलाई राष्ट्रिय मापदण्ड अनुरुप कार्यान्वयनमा ल्याइने छ ।

१६ .१२ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संचालित क्षयरोग, कुष्ठरोग, एच. आई. भि.  एड्स, किट्जन्यरोग सम्बन्धी कार्यक्रम कार्यान्वनयनको लागि  सम्बन्धीत निकाय सँगको  समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ र आवश्यकता अनुसार परिमार्जित गरिने छ ।

१६.१३ गाउँपालिका भित्रका सरकारी, गैर सरकारी र साझेदार संस्थाहरुको समन्वयमा विभिन्न सरुवा रोग बिरुद्धको अभियान र कार्यक्रमहरु संचालन गरिने छ ।

१६.१४. गाउँपालिका क्षेत्रभित्र सरसफाई सम्बन्धि बानी व्यबहार परिवर्तन जस्तैः साबुन पानीले हात धुने, शुद्ध पानी पिउने, चर्पिको प्रयोग गर्ने जस्ता व्यवहार परिवर्तनका क्रियाकलापलाई व्यवस्थित गरिने छ ।

**नीति ५.१७ जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको विकास तथा बिस्तार गरिने छ ।**

**रणनीतिहरु :**

१७.१. गाउँपालिकाभित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

१७.२ समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण  गरिने छ ।

१७.३ घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित बिसर्जन र व्यवस्थापन गरिने छ ।

१७.४ गाउँको एकिकृत जीवन प्रर्बद्धन कार्यक्रमलाई गाउँवासीको आय र आयु बृद्धी सँग जोडी स्वस्थ र सम्बृद्ध समाज निर्माणका लागि प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१७.५ श्वासप्रश्वास रोगको कारक मानिएको घरभित्र हुने धुँवा नियन्त्रण गर्न सुधारिएको चुलो वा गोबर ग्यास प्रयोग गर्ने एबम व्यवस्थित भान्साको प्रयोग गर्न र प्रत्येक गाउँबासीको घरमा व्यवस्थित

करेशाबारी निर्माणमा अभिप्रेरित गर्न गाउँपालिकाले समेत अनुदान दिने गरी सबै वडाहरुमा नियमित कार्यक्रम संचालन कार्य नितिका आधारमा गरिनेछ ।

१७.५ गाउँभित्र प्लाष्टिक जन्य तथा पोलिथिन ब्यागको प्रयोगलाई न्युनिकरण र नियन्त्रण गर्न कपडाको झोला उत्पादन र प्रयोगका लागी गाउँवासीलाई प्रोत्साहित गर्दै प्लाष्टिक रहित गाउँ निर्माणको अभियानलाई अगाडी बढाउदै लगिनेछ ।

१७.६ मातृ मृत्यु, नवजात शिशु मृत्यु र बालमृत्यु घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पु-याईनेछ ।

१७.७. गाउँपालिकाभित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ ।

१७.८. जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

**नीति : ५.१८ आयूर्वेद तथा गाउँपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई ब्यबस्थित गरिनेछ ।**

१८.१ आधारभूत आयुर्वेद एंव बैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ संगको समन्वयमा पालिका स्तरमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरीने छ ।

१८.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरीनेछ ।

## ७. संस्थागत संरचना

यस गाउँ स्वास्थ्य तथा सरसफाई नीतिमा भएका प्राबधानहरु कार्यान्वयनका लागि देहाय बमोजिम व्यवस्था गरिने छ

७.१. नीति कार्यान्वयनका लागि गाउँपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहने छन । गाउँपालिकास्तरमा पालिका स्तरीय अस्पताल स्थापना गरिनेछ ।

७.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, ट्रष्ट, स्वास्थ्य विज्ञान प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु संग क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ ।

७.३ स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा र दन्त उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार थप सामुदायिक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

७.४ संघिय एबम प्रदेश सरकार संगको समन्वयमा स्वास्थ्य संस्थाहरुको पूर्वाधार स्तरबृद्धि योजना तयार गर्दै लागु गरिने छ ।

७.५ प्रदेश सरकार मानब बिकास संसाधन विकास केन्द्र र साझेदार संस्थाहरुको समन्वयमा स्वास्थ्यकर्मीहरुमा जन स्वास्थ्य तथा उपचार सेवा प्रवाह सम्बन्धी ज्ञान र सिप अभिबृद्धिका लागि आवश्यकता अनुसार विभिन्न प्याकेजमा तालिम तथा पुर्नताजगि तालिमको संचालन गरिनेछ ।

७.६ सबै वडाहरु र गाउँ स्तरमा सर्वसुलभ औषधि वितरणका लागि फार्मेशीहरुको स्थापना गर्दै लगिने छ ।

## ८. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः संघिय सरकार बाट प्राप्त हुने ससर्त अनुदान, निःसर्त अनुदान , बिशेष क्षेत्र अनुदान र सहयोग, प्रदेश सरकार बाट प्राप्त अनुदान र सहयोग, दातृ निकाय बाट प्राप्त हुने अनुदान र सहयोग का साथै गाउँपालिकाको आफ्नो स्थानिय श्रोत यो नीति कार्यान्वयन को लागि प्रमुख आर्थिक स्रोत हुने छ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । हरेक बर्ष कालिमाटी गाउँपालिकाको बार्षिक कुल बजेटको न्यूनतम १० प्रतिसत रकम स्वास्थ्य क्षेत्रमा बिनियोजन गरीनेछ र आगामी दिनमा यसलाई अझ बढाउँदै लगिने छ ।

यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु, राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## ९. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मुल्यांकन गर्ने दायित्व सामाजिक विकास समिति, गाउँपालिका स्तरीय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समिति, स्वास्थ्य शाखा र गाउँस्तरवाट गठन भएका संगठनात्मक संरचनाहरुको हुनेछ । यसको लागि सामाजिक विकास समिति, स्वास्थ्य तथा सरसफाई शाखा र गाउँस्तरवाट गठन भएका संगठनात्मक संरचनाहरुको क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन र अद्यावधिक गर्दै लगिनेछ ।

## १०. जोखिम

गाउँस्तरबाट प्रत्येक बर्षको लागि तय गरिने बजेट तथा कार्यक्रमको आय ब्ययको पूर्वानुमान नै सुदृढ र व्यवस्थित हुन सकेन भने नीति कार्यान्वयनमा असर पर्न सक्ने देखिन्छ । संघ, प्रदेश र अन्य दात्री निकायबाट प्राप्त बजेट तथा कार्यक्रमहरुलाइ यस स्वास्थ्य नीति संग एकीकृत गर्न सकिएन भने पनि यो नीति कार्यान्वयनमा प्रतिकुल प्रभाब पर्न सक्छ। गाउपालिका भित्र स्थापना गरिने संगठनात्मक संरचनाहरु प्रभावकारी रुपमा परिचालन हुन नसकेमा पनि यो नीति कार्यान्वयनमा बाधा पर्न सक्छ । यसका लागि गाउँ स्तरबाट अबलम्बन गरिने बार्षिक बजेट तथा कार्यक्रमहरु र दातृ निकायका कार्यक्रमहरुलाइ कालिमाटी गाउपालिकाको नीति संग एकीकृत गर्दै बजेट बिनियोजन र कार्यान्वयनमा ध्यान दिन आबस्यक छ । त्यसै गरी संघिय सरकार र प्रादेशिक सरकारबाट समेत यो नीति कार्यावन्यनमा आबश्यक आर्थिक, भौतिक र प्राबिधिक सहयोग र समन्वय गर्नुपर्ने देखिन्छ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि कालिमाटी गाउँपालिकाले आवश्यक स्वास्थ्य ऐन, निर्देशिका, कार्यबिधी आदि तर्जुमा गर्नेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति तथा रणनीतिहरु कार्यान्वयनको लागि आबस्यक योजना बनाउने छ । यही योजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।!@= vf/]hL

हाल सम्म यस कालिमाटी गाउँपालिकामा स्वास्थ्य नीति तयार गरि लागू नभएकोले खारेजीको व्यवस्था गर्नु नपर्ने देखिन्छ ।